## मिति २०८१/०६/०२ गते बुधबार, १६३ औं कार्यपालिका बैठक

**प्रस्तावहरुः**

१. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा।

२. पर्यटन तथा संविधान दिवस मनाउने सम्बन्धमा।

३. कार्यविधि निर्माण तथा संशोधन सम्बन्धमा।

(क) कर्मचारी प्रोत्साहन तथा अतिरिक्त भत्ता सम्बन्धी मापदण्ड २०८१

(ख) घोराही उपमहानगरपालिकाको वार्षिक योजना/कार्यक्रम तथा बजेट तर्जुमा दिग्दर्शन सम्बन्धमा।

(ग) घोराही उपमहानगरपालिकाको आन्तरिक लेखा परिक्षकको आचारसंहिता सम्बन्धमा।

(घ) घोराही उपमहानगरपालिकाको नागरिक बजेट निर्देशिका सम्बन्धमा।

(ङ) सामुदायिक सिकाइ केन्द्रमा परिचालक व्यवस्था गर्ने सम्वन्धी कार्यविधि, २०८१

(च) भवन निर्माण अनुमति तथा इजाजत सम्बन्धी कार्यविधि २०७५ दोस्रो संशोधन।

४. रिक्त नमुना विद्यालय व्यवस्थापन समितिको सदस्य मनोनयन सम्बन्धमा।

५. विविध।

५.१ श्री नवदुर्गा पुजा समितिलाई माता दुर्गा भवानीको मूर्ति स्थापनाका लागि आर्थिक सहयोग।

५.२ बहिरा उत्थान समाजलाई अन्तराष्ट्रिय साङ्केतिक भाषा दिवस तथा तिज विशेष कार्यक्रमका लागि आर्थिक सहयोग।

५.३ विज्ञान शिक्षक समाज नेपाल(स्टान)को आयोजनामा संचालन हुने अन्तर विद्यालय स्तरिय विज्ञान हाजिरी जवाफ प्रतियोगिताका लागि आर्थिक सहयोग।

५.४ नेपाल खेलकुद महासंघको अधिवेशनका लागि आर्थिक सहयोग।

५.५ सनातन हिन्दु युवालाई श्री गणेश चतुर्थी पुजनका लागि आर्थिक सहयोग।

५.६ वार्षिक मुखपत्र **वाणिज्य दर्पण** प्रकाशनका लागि आर्थिक सहयोग।

५.७ प्रथम स्व. सुनिल पुन स्मृती रनिङ शिल्ड फुटबल प्रतियोगिता संचालनका लागि आर्थिक सहयोग।

५.८ वडा नं. ४ सलिना पोखेलको परिवारलाई आर्थिक सहयोग।

५.९ औषधी उपचारको लागि आर्थिक सहयोग।

५.१० घर निर्माणका लागि सहयोग सम्बन्धमा।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

घोराही उपमहागनरपालिकामा पर्यटन दिवस मनाउने सन्दर्भमा प्रदेश सरकारबाट प्राप्त निर्देशन बमोजिम कार्यक्रम गर्ने । संविधान दिवसको अवसरमा यस घोराही उपमहानगरपालिका अन्तर्गत रहेका वडा कार्यालय तथा अन्य सेवा केन्द्र तथा इकाइहरुमा सरसफाई कार्यक्रमका साथै साँझ दिप प्रज्वलन गरी संविधान दिवस भव्यताका साथ मनाउन परिपत्र गर्ने।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाका विभिन्न शाखाबाट पेश भई विधेयक समितिको विभिन्न मितिमा बसेको बैठकमा छलफल भई पेश भएका तपसिल बमोजिमका कार्यविधिहरु कार्यपलिकाको आगामी बैठकबाट पारित तथा संशोधनका लागि पेश गरियो।

**तपसिल**

(क) कर्मचारी प्रोत्साहन तथा अतिरिक्त भत्ता सम्बन्धी मापदण्ड २०८१
(ख) घोराही उपमहानगरपालिकाको वार्षिक योजना/कार्यक्रम तथा बजेट तर्जुमा दिग्दर्शन २०८१।
(ग) घोराही उपमहानगरपालिकाको आन्तरिक लेखा परिक्षकको आचारसंहिता २०८१।
(घ) घोराही उपमहानगरपालिकाको नागरिक बजेट निर्देशिका २०८१।
(ङ) सामुदायिक सिकाइ केन्द्रमा परिचालक व्यवस्था गर्ने सम्वन्धी कार्यविधि, २०८१
(च) घोराही उपमहानगरपालिकाको भवन निर्माण अनुमति तथा इजाजत सम्बन्धी कार्यविधि (दोस्रो संशोधन) २०८१

**निर्णय नं. ४**

श्री नमुना विद्यालय बाल विकास मा.वि. घोराही दाङको नमूना विद्यालय व्यवस्थापन समितिका सदस्यहरु खडक के.सी. र सुशीला चौधरी रोजगारीका लागि विदेश जानुभई उक्त पद रिक्त हुन गएकोले रिक्त रहेका पदमा घोराही उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५(पहिलो संशोधन) को दफा २०क को उपदफा (१) खण्ड (ग) मा व्यवस्था भए बमोजिम घोराही उपमहानगरपालिका वडा नं. १४ का श्री देवीराम न्यौपाने र विमला वलीलाई मनोनित गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

**५.१** विजयादशमीको अवसरमा नवदुर्गा भवानीको मूर्ति स्थापनाका लागि श्री नवदुर्गा पूजा समिति घोराही दाङलाई सहयोग स्वरुप रकम रु.१५,०००।— घोराही उपमहानगरपालिकाको धार्मिक तथा साँस्कृतिक सहायता शीर्षकबाट उपलब्ध गराउने।

**५.२** बहिरा उत्थान समाज घोराही दाङबाट अन्तराष्ट्रिय साङ्केतिक भाषा दिवस र तिज विशेष कार्यक्रमका लागि आर्थिक सहयोग माग भई आएकोमा क्रमशः साङ्केतिक भाषा दिवस कार्यक्रममा टिसर्ट खरिदका लागि रकम रु.१०,०००।— र तिज विशेष कार्यक्रमका लागि रकम रु.५,०००।- घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**५.३** विज्ञान शिक्षक समाज नेपाल (स्टान) घोराही नगर कार्यसमितिलाई अन्तर विद्यालय स्तरीय विज्ञान हाजिरीजवाफ प्रतियोगिता संचालनका लागि सहयोग स्वरुप खर्च भएको विल भर्पाई अनुसार रकम रु.१०,५००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**५.४** नेपाल खेलकुद महासंघ जिल्ला कार्यसमिति दाङलाई महासंघको तेस्रो जिल्ला अधिवेशनमा भएको खर्चको विल भर्पाई अनुसार अधिकतम रकम रु.२०,०००।—सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**५.५** सनातन हिन्दु युवा घोराही दाङलाई श्री गणेश चतुर्थी पूजन कार्यक्रमका लागि सहयोग स्वरुप खर्च भएको विल भर्पाई अनुसार रकम रु. १०,०००।— घोराही उपमहानगरपालिकाको धार्मिक तथा साँस्कृतिक संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**५.६** पद्मोदय क्याम्पस विविएस र वि एस्सि चौथो वर्षका अध्ययनरत विद्यार्थीहरुको अनुसन्धान मुलक व्यवसायिक लेख तथा रचनाहरुको संगालो वाणिज्य वार्षिक मुखपत्र अंक ६ प्रकाशनका लागि आर्थिक सहयोग स्वरुप रकम रु.१५,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**५.७** स्व. सुनिल पुन स्मृति रनिङ शिल्ड फुटबल प्रतियोगिता २०८१ संचालनका लागि आयोजक न्यू स्टार फुटबल एकेडेमी नारायणपुर दाङ लाई खर्च भएको विल भर्पाई अनुसार रकम रु.३१,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**५.८** घोराही उपमहानगरपालिका वडा नं. ४ बस्ने सलिना पोखेलले मिति २०८१।०४।३२ गते आत्महत्या गरेको, मृतकको लाशको पोष्टमार्टमका लागि लक्ष्मीपुरबाट तुलसीपुर लैजादा ल्याउदा एम्बुलेन्स भाडा रकम रु.१२,०००।— खर्च भएको, उहाँको परिवारको आर्थिक अवस्था निकै कमजोर रहेकोले उक्त रकम घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**५.९** घोराही उपमहानगरपालिका वडा नं. १० बस्नेत भरतमणी पौडेलको छोरा नरेश पौडेलको मोटर साइकल दुर्घटनामा परि घाइते भएको र उहाँको परिवारको आर्थिक अवस्था अत्यन्त कमजोर रहेकोले उहाँको उपचारको लागि उपचारमा भएको खर्चको विल अनुसार अधिकतम रकम रु.१२,०००। घोराही उपमहानगरपालिका अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**५.१०** घोराही उपमहानगरपालिका वडा नं. १० संयुक्त टोल बस्ने कैलाश लहरे पुस्तौदेखि क्याम्पस रोडमा टहरा बनाइ बस्दै आउनुभएकोमा बाटो निर्माण गर्दा उहाँको घर टहरा भत्किएकोले उहाँलाई घोराही तुलसीपुर सडक खण्डको बुधौरे चोकदेखि पश्चिम विपि बाटिका रोडदेखि पूर्वतर्फ अन्दाजी ६ मिटर मोहडा भएको ऐलानी जग्गामा घर बनाई बसोबासको व्यवस्था मिलाउन टोल समिति सहमत भएको हुँदा उहाँको घर निर्माणका लागि न्यूनतम खर्चमा निर्माण हुने घरको लागत इन्टिमेट तयार गरी घर निर्माणको व्यवस्था मिलाउने।